केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/घ/३/०७३/७४ मिति: २०७३/०६/११

"घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरु,

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई देहाय बमोजिमका नीतिगत व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

*"यस बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन २०७२ को बुंदा नं. १४.१ को खण्ड (क) र बुँदा नं. १४.२ को खण्ड (क) लाई देहाय बमोजिम संशोधन गरिएको छ :*

***१४.१. शाखा/कार्यालय खोल्ने सम्बन्धी व्यवस्था***

*(क) लघुवित्त वित्तीय संस्थाले शाखा कार्यालय खोल्न यस बैंकको पुर्व स्वीकृति लिनुपर्नेछ।*

*तर, काठमाण्डौ उपत्यका, महानगरपालिका वा उप महानगरपालिका वा नगरपालिकाका केन्द्र बाहेकका स्थानमा शाखा खोल्न यस बैंकको स्वीकृति लिनु पर्ने छैन। यस व्यवस्था बमोजिम लघुवित्त वित्तीय संस्थाको सञ्चालक समितिबाट शाखा खोल्न निर्णय भएको मितिले ७ दिन भित्र यस बैंकलाई जानकारी गराउनु पर्नेछ।*

***१४.२. शाखा/कार्यालय बन्द तथा स्थानान्तरण गर्ने सम्बन्धी व्यवस्था***

*(क) इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाले यस बैंकको पुर्व स्वीकृति बिना शाखा वा कुनै पनि किसिमको कार्यालय बन्द गर्न वा स्थानान्तरण गर्न वा गाभ्न पाउने छैनन्।*

*तर, २०७२ बैशाखको भूकम्पबाट अति प्रभावित काठमाडौं उपत्यका बाहेकका जिल्लाहरुमा रहेका इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाका शाखा स्वीकृत स्थानमा रहन असुविधा हुन गएमा सोही जिल्लाको अन्य उपयुक्त स्थानमा त्यस्तो शाखा स्थानान्तरण गर्न यस बैंकको पूर्व स्वीकृति लिनु पर्ने छैन।"*

भवदीय,

(शिवनाथ पाण्डे)
कार्यकारी निर्देशक

__बोधार्थ :__

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय।
२. श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय।
३. नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, सिंहदरबार, काठमाडौं।
४. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग।
५. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग।
६. श्री नेपाल राष्ट्र बैंक, कानून महाशाखा।